Small, low intensity and community forests
Forest Stewardship Council

case studies

# इण्डोनेसियामा सफल र दिगो वन सहकारीको गठन

इण्डोनेसियाको ५५० सदस्यीय Koperasi Hutan Jaya Lestasi (KHJL) सहकारीको सफल रुपले गठन भएको कुरालाई यो रिर्पोटमा देखाइएको छ । यो सहकारीले सन् २००५ मा एफ.एस.सी. समूह प्रमाण पत्र लिएको थियो र यसले फर्निचरको अन्तराष्ट्रिय बजारको लागि टिकको काठ आपूर्ति गर्दछ । मुनाफाको ३० प्रतिशत रकम सदस्यहरुविच बाँडफाँड गर्दछ । यसले अमिल्दा वन नीति परिमार्जन गर्न सरकारलाई दबाब नि, कृषि र वनसँग सम्बन्धित सरकारी रकम वितरण गर्नेदेखि आफ्नै एउटा ऋण कार्यक्रमको शुरुवात गरेको छ ।

## पृष्ठभूमि

दक्षिण पूर्वी इण्डोनेसियाको Konawe Selatan जिल्लामा सालाखाला एक हेक्टर भन्दा पनि कम क्षेत्रफल भएका टिकका व्यक्तिगत प्लटहरु छन् । कानूनी बाध्यताहरु जस्तै कटान र ढुवानी गर्न लिनुपर्ने अनुमतिको प्रावधानले गर्दा धेरै जस्तो जिल्लाहरुमा एउटा अथवा दुइवटा मात्र काठ किन्ने ग्राहकहरु (buyers) छन् । त्यसैले गर्दा टिकको मूल्य निर्धारण गर्दा उनीहरुकै हालीमुहाली हुन्थ्यो । किसानहरु असंगठित रुपमा छरिएर रहँदा उनीहरु आफ्नो टिक असाध्यै सस्तोदरमा बेच्न बाध्य थिए ।




KHJL को काठ संकलन केन्द्र।

## साझेदारी

किसानहरुले Tropical Forest Trust (TFT) र Jaringan Untuk Hutan (JAUH) सँग साझेदारीमा काम गर्न थाले । TFT एउटा एफ.एस.सी. प्रमाणित वन अथवा प्रमाणीकरणको प्रक्रियामा रहेका वन क्षेत्रबाट उष्णप्रदेशीय काठहरु खरिद गर्ने युरोपियन र अमेरिका खुद्रा व्यवसायीहरु मिली गठन भएको संस्था हो । TFT मा कार्यरत वन प्राविधिकहरुले यो क्षेत्रमा वन व्यवस्थापन सुधार गर्न सहयोग गर्दछन् । JAUH भनेको चाहिँ दक्षिण पूर्वी Sulawesi प्रदेशमा कार्यरत वातावरणवादी र सामाजिक संघसंस्थाहरुको एउटा संजाल हो । यसले सामाजिक संस्था, जनवकालत एवं संचार अभियान जस्ता क्षेत्रमा काम गर्ने क्षमता राख्छ ।

## संस्था निर्माण

युरोपियन र अमेरिकन खरिदकर्ताको एफ.एस.सी. प्रमाणित टिकको ठूलो माग र जाभामा रहेका त्त सदस्यहरुको कारखानाहरुलाई बढी मूल्यमा बेच्न सकिने जस्ता अवसरले गर्दा यो सहकारी एफ.एस.सी. प्रमाणीकरणमा गएको हो । स्थानीय सरकारले किसानको वन व्यवस्थापन गर्ने क्षमताको कदर गर्दछ भनेर पनि यो सहकारी एफ.सी.सी. प्रमाणिकरण तिर लागेको थियो । TFT लाई किसानहरुले दिगो रुपमा टिकको वन व्यवस्थापन गरिरहेका छन् र उनीहरु एफ.एस.सी. प्रमाणिकरणको लागि इच्छुक छन् भन्ने कुरा थाहा थियो । त्यसैकारण JAUH सँग मिलेर किसानहरुलाई सहकारीमा आबद्ध गर्न त्त अग्रसर भयो । ४६ वटा गाउँमा किसानहरुको समूह बनाउन र सहकारीको संस्थापक सदस्य बन्नको लागि प्रतिनिधि छनौट गर्ने काममा सहयोग पुऱ्यायो ।

**एफ.एस.सी. प्रमाणीकरणलाई सस्तो बनाउन आवश्यक पर्ने इजाजत लिन र अन्तराष्ट्रिय बजारमा प्रत्यक्ष रुपले सम्पर्क स्थापना गर्न  समूह गठन नै एउटा उपाय थियो**

किसानहरुलाई यी सहकारीहरु कसरी संचालन हुन्छन् भन्ने कुरामा राम्ररी बुझाउन नसकिएको हुनाले यो भन्दा अगाडि सहकारी गठन गर्ने प्रक्रिया सफल हुन सकेन । JAUH र TFT ले इण्डोनेसियाको सहकारी विभागसँग मिलेर सहकारीको संरचना र व्यवस्थापन पक्षको बारेमा तालिम दिए । त्यस्तै गरी प्ुंजी को लागि व्यापार र वन व्यवस्थापन बारे विस्तृत रुपमा तालिम संचालन गरियो । TFT र JAUH का सदस्यहरुको टोलीले KHJL नेतृत्वको अनुगमन गर्ने र आवश्यकता अनुसार सुझाव दिने काम गऱ्यो ।




KHJL को सदस्य आफ्नो टिकको वन देखाउँदै ।

## तालिम र शुरुवाती

प्रोफरेटरले प्रकाशन गरेको “वनको समूह प्रमाणीकरण : एक प्रयोगात्मक मार्गदर्शन” डकुमेन्टको आधारमा TFT ले एफ.एस.सी. समूह प्रमाणकीरण सम्बन्धि तालिम प्रदान गऱ्यो र समूहको वन व्यवस्थापन योजना निर्माण गर्न सहयोग पुऱ्यायो । JAUH ले भने समूह समूह विच नियमित र पारदर्शी सूचना सम्प्रेषण गर्न सहज होस् भन्ने उद्देश्यले संस्थागत संरचना विकासमा सहयोग गऱ्यो ।

TFT का सदस्यहरुसँगको परामर्श गरी सहकारीको प्रक्रिया र काठ खरिद विक्री गर्न आवश्यक इजाजत गर्ने काममा सहयोग पुगोस् भन्ने उद्देश्यले अल्पकालिन ऋण प्रवाह गरियो । पहिलो विक्री वितरण प्रक्रिया सफल रह्यो जसले गर्दा किसानले आफ्नो काठको मूल्य २५ प्रतिशतले बढी पाए । यसको अलावा उनीहरुले TFT का सदस्यहरुलाई आफ्ना काठ विक्री गर्ने थप सम्झौता समेत गर्न पाए ।

**समूह गठन गर्न चुनौतिपूर्ण काम हो तर यसबाट समूह सदस्यहरुले सूचना र स्रोतमा आफ्नो पहुँच बढाएर लाभान्वित हुन सक्छन्**

## सफलता

सन् २००५ मे महिनामा यो सहकारीले स-साना वन धनीको समूहको लागि एफ.एस.सी. समूह प्रमाणीकरण प्राप्त भयो । शुरुमा १९६ समूहहरुले १५२ हेक्टर वन व्यवस्थापन गरेकोमा हाल ५५० समूहहरुले ५५६ हेक्टर वन व्यवस्थापन गरिरहेका छन् ।

एफ.एस.सी. प्रमाणीकरण सँगसँगै यी किसानहरुले अन्तराष्ट्रिय बजारमा उल्लेख्य मात्रामा रिक निर्यात गरिरहेका छन् भन्ने कुरा जिल्ला र प्रान्तीय सरकारले मान्यता (Recognition) दिए र उनीहरुको मागहरुलाई क्षेत्रीय वन नीतिले सम्बोधन गर्नुपर्छ भन्ने पक्ष अगाडि सारियो ।

यो सफलताले कोका, काजु, मरिच आदि उत्पादन गर्ने स-साना उद्यमीहरुलाई पनि प्रमाणीकरण सम्बन्धि चासो बढायो र फेयर ट्रेड जस्ता लेवलिङ तथा प्रमाणीत वस्तुको बजारको खोजी पनि सुरु भयो ।

### तथ्य तथा आंकडा

**प्रमाणपत्र:** SW-FSC FM/COC-001511, मूह प्रमाणीकरण, टिकको लागि २० मे २००५ मा प्रदान गरिएको

**क्षेत्रफल:** २००५ मा १५२ हेक्टर, २००८ मा ५५६ हेक्टर
**सदस्यता:** शुरु हुदा २००५ मा १९६ सदस्य र २००८ मा ५५० सदस्य
**परिमाण:** वार्षिक आय ३५० वर्ग मि., वार्षिक कारोवार करिब १६०,००० डल

## सिकाई

➢यी किसानहरुको लागि एफ.सी.सी प्रमाणीकरणलाई सस्तो बनाउन, काठ विक्री गर्न आवश्यक कानूनी इजाजत लिन र फर्निचरको अन्तराष्ट्रिय बजारसँग प्रत्यक्ष पहुँच पुऱ्याउनको लागि समूहको गठन एकमात्र विकल्प थियो ।

➢क्षेत्रीय गैर सरकारी संस्थासँगको सहकार्य र एफ.एस.सी.ले प्रबर्द्धन गरेको काठ मनपराउने खरिदकर्ताहरुको संजाल नै सफलता प्राप्त गर्ने र प्ब्वि गठन गर्ने कडि बन्यो । यी साझेदार संस्थाले समूह गठन प्रक्रियाको लागि स्रोत र दक्षता दुवै प्रदान गरे ।

➢समुह गठन हुनु आफैमा एउटा प्रक्रिया भए तापनि यसले क्षमता अभिवृद्धि, स्रोतमा पहुँच र अन्तरसमूह सूचना आदानप्रदान गर्नेजस्ता धेरै फाइदा पुऱ्यायो ।

➢नयाँ समूहहरुलाई सहकारी व्यवस्थापन तालिम निकै महत्वपूर्ण भयो । समूहहरुको दिगो र लोकतान्त्रिक संरचना निर्माण गर्नको लागि कसरी अनुमगन÷व्यवस्थापन बोर्ड बनाउने, कसरी मुनाफाको हिसाबकिताब गर्ने र कसरी कर्मचारी र सदस्यहरुलाई मुनाफा वितरण गर्ने एवं नीति नियमहरु पारदर्शी र प्रजातान्त्रिक किसिमले कसरी तर्जुमा गर्ने जस्ता विषयमा दक्षता आवश्यक थियो । तालिममार्फत यस्तो शीप प्रवाह गरियो ।




स्मार्टउडकर मूल्याकंनकर्ता र KHULव्यवस्थापन प्रमाणीकरण प्रक्रियाबारे छलफल गर्दै ।

## भविष्य

यो सहकारीका लागि थुप्रै चुनौतिहरु र अवसरहरु रहेका छन्:

➢व्यवसाय व्यवस्थापन र विकास तथा बजार व्यवस्थापन र उत्पादन प्रशोधन सम्बन्धी तालिम र क्षमता अभिवृद्धि गर्न आवश्यक छ । क्षमता विकासले दीर्घकालिन रणनीति निर्माण गर्न सहयोग पुग्दछ भने बजार व्यवस्थापनले फर्निचर र चिरान काठ विक्रीमा सहयोग पुग्ने र समुदायमा रकम संचय गर्न सहयोग पुऱ्याउँछ ।

➢कृषि वन प्लटमा रहेका रुखहरुको वृद्धि अनुगमन गर्नको लागि सरल एवं सही किसिमको स्याम्पलिङ विधिको निर्माण जरुरी छ ।

➢साना किसानका निजी वनबाट प्राप्त हुने काठको सम्बन्धमा लागु हुने कानुनी प्रक्रियालाई सरल स्पष्ट र नबाझिने किसिमले निर्माण गर्नको लागि सरकारी निकायसँग छलफल र सचेतता बढाउनु पर्ने देखिन्छ ।

FSC Trademark © 1996 Forest Stewardship Council A.C. FSC-GRB-655

Information provided by Robin Barr

**Contact details**
**Robin Barr (TFT)** 4723 9th Ave NE, Seattle, WA 98105, USA
Email: r.barr@tropicalforesttrust.com; Web: www.tropicalforesttrust.com
Tel: (USA) +1 206 632 7212; (Indonesia) +62 813 1932 0105
**Koperasi Hutan Jaya Leastari (KHJL)** Desa Lambakara No. 41
Kecamatan Lainea,Kabupaten Konawe Selatan, Sulawesi Tenggara,
INDONESIA Tel: (Indonesia) +62 401 324966

more information
www.fsc.org/smallholders

developed by
ProForest
www.proforest.net